कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

# गैडहवा गाउँपालिका

## स्थानीय राजपत्र

गैडहवा गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित
नदीजन्य पदार्थ उत्खनन्, व्यवस्थापन एवं नियमन कार्यविधि-२०८०

**प्रस्तावना :**

रुपन्देही जिल्लाको यस गैडहवा गाउँपालिका क्षेत्र भित्र नदीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न, निषेधित क्षेत्रबाट नदीजन्य पदार्थ चोरी उत्खनन तथा निकासीलाई निरुत्साहित गर्न, EIA/IEE स्वीकृत भएको स्थलबाट नदीजन्य पदार्थको उत्खनन, वितरण तथा ओसारपसार सम्बन्धी कार्यलाई व्यवस्थित गर्न र गाउँपालिका क्षेत्र भित्रको सार्वजनिक, निजि जग्गा तथा नदी वगर क्षेत्रबाट मिस्कट बालुवा जस्ता प्राकृतिक स्रोतको दिगो व्यवस्थापन एवम सदुपयोग गर्दै गाउँपालिकाको आय बन्दोवस्ती समेत गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३, दफा ११ को उपदफा (२) को खण्ड (घ) को देहाय (६) बमोजिम यस्ता वस्तुहरुमा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा कर उठाउने अधिकार स्थानीय तहलाई प्रदान गरेको र स्थानीय तहले यस सम्बन्धमा आवश्यक कानून तर्जुमा गरी लागू गर्न सक्ने अधिकार भएकोले नदीजन्य पदार्थको उत्खनन, घाटगद्दी र वितरण सम्बन्धी वर्तमान व्यवस्थालाई थप प्रभावकारी बनाई लागू गर्न वाञ्छनीय हुँदा गैडहवा गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "नदीजन्य पदार्थ उत्खनन्, व्यवस्थापन एवं नियमन कार्यविधि-२०८०" रहेको छ ।

(२) यो कार्यविधि गैडहवा गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो कार्यविधि गैडहवा गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

(क) "अनुगमन तथा व्यवस्थापन समिति" भन्नाले यस कार्यविधि को दफा १३ बमोजिमको अनुगमन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ख) "प्राकृतिक स्रोत राजश्व अनुगमन समिति" भन्नाले यस कार्यविधि को दफा १४ बमोजिमको राजश्व अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(ग) "उद्योग" भन्नाले कच्चा पदार्थको रुपमा नदीजन्य पदार्थको प्रयोग हुने मेशिनरी औजार जडित उद्योगलाई सम्झनु पर्दछ र सो शब्दले क्रसर उद्योग र स्क्रीनिङ्ग प्लाण्ट सहितको क्रशर उद्योग र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई जनाउनेछ ।

(घ) "कार्यविधि" भन्नाले नदीजन्य पदार्थ उत्खनन्, व्यवस्थापन एवं नियमन कार्यविधि-२०८० सम्झनु पर्दछ ।

(ङ) "घाटगद्दी" भन्नाले नदीजन्य पदार्थ सङ्कलन वा उत्खनन वा प्रशोधन गरी नापजाँच गर्न वा अस्थायी भण्डारणका लागि तोकिएको स्थानलाई सम्झनु पर्दछ ।

(च) "नदीजन्य पदार्थ" भन्नाले नदी, खोला, नहर र कुलोले बगाई ल्याई नदी किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा बिग्रिएको वा थुप्रिएको ढुङ्गा, बालुवा, गिट्टी मिस्कट, भस्कट र गेग्रानलाई सम्झनु पर्दछ।

(छ) प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०५३ बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षण भन्ने सम्झनुपर्दछ ।

(ज) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले वातावरण संरक्षण ऐन २०५३ बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन भन्ने सम्झनु पर्दछ ।

(झ) "व्यवसायी" भन्नाले यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, घाटगद्दी तथा विक्री गर्न इजाजत प्राप्त गरेको व्यवसायी सम्झिनु पर्दछ ।

(ञ) "शुल्क" भन्नाले नदीजन्य पदार्थ विक्रीबाट प्राप्त रकमलाई जनाउने छ । यो शब्दले निजी जग्गाबाट व्यवसायिक प्रयोजनका लागि सङ्कलन तथा बिक्री भएको नदीजन्य पदार्थ वापत प्राप्त हुने सेवा शुल्क समेत सम्झनु पर्दछ ।

(ट) "परिमाण" भन्नाले घाटगद्दीमा रहेका नदिजन्य पदार्थको परिमाण सम्झनु पर्दछ ।

(ठ) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशका सम्बन्धित मन्त्रालयलाई सम्झनु पर्दछ ।

परिच्छेद २

उत्खनन्, सङ्कलन र घाटगद्दी सम्बन्धी व्यवस्था

३. वातावरणीय अध्ययन :

(१) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन र विक्री गर्नु अघि गाउँपालिकाले प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गराउनु पर्नेछ ।

(२) गाउँपालिकाले नदीजन्य पदार्थको उत्खनन र सङ्कलन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याकन प्रतिवेदनमा औल्याइएका सुझाव र सुधारात्मक उपायको कार्यान्वयन गर्नु पर्नेछ ।

४. कार्ययोजना बनाउनेः

(१) गाउँपालिकाले देहायका कुराहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र विक्री वितरण सम्बन्धी वार्षिक कार्ययोजना बनाउनु पर्नेछ ।

(क) उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र ।

(ख) नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, तथा नदी उकास क्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण ।

(ग) अनुमानित परिमाण मध्ये गाउँपालिकाको पूर्वाधार निर्माणको लागि चाहिने परिमाण, आयोजनालाई दिन सकिने परिमाण र ठेक्का लगाइने परिमाणको बांडफांड ।

(घ) भण्डारण वा घाटगद्दी स्थल ।

(ङ) विक्री वितरणको प्रक्रिया ।

(च) संकलनको विधि र प्रयोग हुने मेशिनरी औजार ।

(छ) प्राप्त हुने अनुमानित आम्दानी ।

(२) उपदफा (१) बमोजिम तयार भएको कार्ययोजना दफा १३ बमोजिमको अनुगमन तथा व्यवस्थापन समितिबाट फिल्ड निरीक्षण गराई गाउँकार्यपालिकाबाट स्वीकृत भएको हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्ययोजना सामान्यतया प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त सम्म कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

५. ठेक्का बन्दोबस्ती सम्बन्धि प्रकृयाः

गाउँपालिकाले आय बन्दोबस्तीका लागि ठेक्का आव्हानको सूचना प्रकाशन, बोलपत्र मूल्यांकन, ठेक्का सम्झौता, ठेक्काको किस्ता असुली सम्बन्धि प्रकृया, बोलपत्र मूल्यांकन समितिको गठन ,ठेक्का सम्झौता म्याद थप, उत्खनन म्याद थप सम्बन्धि व्यवस्था गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

६. ठेक्का बन्दोबस्ती सम्बन्धि थप व्यवस्थाः

(१) वनक्षेत्र बाहेकका सार्वजनिक क्षेत्रबाट संकलन गरिने नदीजन्य पदार्थका हकमा स्थानीय तहले सङ्कलन गरिने खोला, नदी, खहरे, खोल्सी र नदी उकास क्षेत्रको स्थान,

उत्खनन् सङ्कलन हुने परिमाण, अवधि, उत्खनन्, सङ्कलनको प्रविधि, ढुवानीको प्रक्रिया र घाटगद्दी स्थान लगायत अन्य आवश्यक कुरा तोकी सम्झौता गरी सम्बन्धित व्यवसायीका नाममा कार्यदिश दिनु पर्नेछ ।

(२) संकलन गरिएको नदीजन्य पदार्थ घाटगद्दी गर्ने स्थानको व्यवस्था व्यवसायी आफैले गर्नु पर्नेछ ।

(३) वन क्षेत्रवाट नदीजन्य पदार्थ सङ्कलन गर्दा गाउँपालिकाले ठेक्का अनुसारको शुल्क र सोमा कानून बमोजिम लाग्ने कर दाखिला गरेको प्रमाण सहित उत्खनन् गर्ने स्थान, समय, परिमाण, प्रयोग गर्ने मेशिन औजार, घाटगद्दि स्थल आदिको पूर्ण विवरण खुलाई व्यवसायी संग सम्झौता गरी कायदिश दिनु पर्नेछ ।

(४) कायदिश पाएका व्यवसायीले उत्खनन्, सङ्कलन्, र घाटगद्दी कार्य शुरु गर्नु पहिले सो कार्यमा खटिने मुख्य मुख्य कामदार, ढुवानीका साधन र चालकहरुको विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ । गाउँपालिकावाट अनुमति लिएका सवारी साधनहरु मात्र उत्खनन् र ढुवानी कार्यमा प्रयोग गर्न पाईनेछ र परिवर्तन गर्नु परेमा गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(५) नदिजन्य पदार्थ उत्खनन् गर्दा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए अनुरुप कार्ययोजना स्वीकृत गरि सोही बमोजिमका मेशिनरी औजार मात्र प्रयोग गर्नु पर्नेछ ।

(६) नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्दा माटो, पानी, खेतीयोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कूलो, स्कूल, कलेज, मानव बस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा गाउँपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी गाउंपालिका भित्रको कुनै नदी वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि सवेदनशील क्षेत्र घोषणा गरी नदीजन्य पदार्थ उत्खनन र सङ्कलनमा रोक लगाउन सक्नेछ ।

(७) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनले निषेध गरेको अवधि भर नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा घाटगद्दी गर्ने कार्य गर्न गराउन पाइने छैन ।

(८) नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन कार्य सूर्योदय देखि सूर्यास्त सम्मको समयमा मात्र गर्नु पर्नेछ ।

(९) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो तथा डुबानका कारण थुप्रिएको नदीजन्य पदार्थ तत्काल हटाउनु पर्ने भई स्थानीय बासिन्दाको अनुरोध भई आएमा सम्बन्धित वडाको सिफारिसमा गाउंपालिकाले जिल्ला विपद् व्यवस्थापन समितिको स्वीकृतिमा तोकिएका मेशिनरी औजारको प्रयोग गरी तत्काल हटाउन सक्नेछ ।

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

(१०) नदीजन्य पदार्थ संकलन गर्ने क्रममा संकलन गर्ने इजाजत पाएको नदीजन्य पदार्थ बाहेक कुनै बहुमूल्य पुरातात्विक ऐतिहासिक वस्तु फेला परेमा तत्काल गाउंपालिकामा बुझाउन् पर्नेछ र गाउँपालिकाले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(११) चुरेक्षेत्रमा पर्ने वन क्षेत्र, सार्वजनिक क्षेत्र र निजी नम्बरी जग्गाको नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र विक्री वितरण गदां तोकिएको कार्यविधि र मापदण्ड लागू हुनेछ ।

७. संकलन भण्डारण र घाटगद्दीको व्यवस्था

(१) नदीजन्य पदार्थको संकलन र घाटगद्दी इजाजत दिनु भन्दा पहिले गाउँपालिकाले नदीजन्य पदार्थहरुको संकलन तथा घाटगद्दी गर्दा अपनाउनु पर्ने विधि र नापजांच प्रक्रियाका विषयमा सम्बन्धित व्यवसायी संग सम्झौता गर्नुपर्नेछ। संकलित नदीजन्य पदार्थ घाटगद्दी गर्ने स्थान सम्झौतामा तोक्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम घाटगद्दी स्थान छनौट गर्दा उत्खनन् संकलन स्थल भन्दा बाहिर गर्नु पर्नेछ । वनक्षेत्र, सडक किनार र आवतजावतमा अवरोध हुने गरी घाटगद्दी गर्न पाइने छैन ।

(३) घाटगद्दी गर्दा घाटगद्दीमा आएको नदीजन्य पदार्थ नासिन हराउन नपाउने व्यवस्था सम्बन्धित व्यवसायीले मिलाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम तोकिएको स्थल बाहेक अन्यत्र भण्डारण वा घाटगद्दी गर्नु गराउनु हुदैन ।तोकिएको घाटगद्दी स्थानमा तोकिएका नदीजन्य पदार्थ वाहेक अन्य मालवस्तु घाटगद्दी गर्न पाइने छैन। तोकिएको स्थान बाहेक अन्यत्र भण्डारण या घाटगद्दी गरे गराएमा बिक्री मूल्यको दोब्बर रकम असुल गरी तोकिएको जरिवाना गरिनेछ ।

(५) नदीजन्य पदार्थ बाहेकका मालवस्तु घाटगद्दी भएमा वा ओसारपसार गरेमा प्रचलित कानून बमोजिम हुनेछ ।

(६) कार्यादिश अनुसारको नदीजन्य पदार्थ उत्खनन्, संकलन र घाटगद्दी गर्ने कार्य सम्पन्न नभएसम्म व्यवसायीले विक्री गर्न पाउने छैन। विक्री गरेको पाइएमा गाउँपालिकाले बिक्री मूल्यको दोब्बर रकम असुल गरी ठेक्का रद्द गर्न सक्नेछ ।

(७) अनुगमन तथा व्यवस्थापन समिति र राजश्व अनुगमन समितिले नदीजन्य पदार्थ उत्खनन्, संकलन र बिक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्न सक्नेछ ।

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

(८) सम्झौता बमोजिम नदी खोला खहरे खोल्सा र नदी उकास क्षेत्रबाट निकालिएको र घाटगद्दी गरिएको नदीजन्य पदार्थको मासिक प्रगति विवरण प्रत्येक महिनाको ७ गतेभित्र व्यवसायीले गाउंपालिकामा पठाउनु पर्नेछ ।

(९)निजी जगगामा पोखरी उत्खन्न, कृषि कार्यका लागी जगगा मिलान लगायत कुनै प्रकारको उत्खन्न कार्य गर्नु परेमा उत्खन्न गरिने जगगाको नाप जाच गरि प्राविधिक प्रतिवेदन गा.पा. मां पेश गर्नुपर्ने छ ।सो जगगाको उत्खननबाट प्राप्त हुने नदीनज्य पदार्थ गाउँपालिकाले तोके अनुसारको राजश्व रकम दाखिला गरी विक्री वितरण गर्न पाईने छ ।

(१०) निजी जगगाको उत्खनन वाट प्राप्त हुने नदीजन्य पदार्थ घाटगढी नगरी सिधै विकी वितरण गर्न पाईने छ। तर विकी गरेको परिमाणको लगत गाउँपालिकाले तोकेको ढाचामा तयार गरी साप्ताहिक रुपमा गा.पा. मा पेश गर्नुपर्ने छ ।

## परिच्छेद ३
## नदीजन्य पदार्थ बिक्री तथा ओसारपसार सम्बन्धि व्यवस्था

८. **घाटगद्दि स्थलबाट नदीजन्य पदार्थको बिक्री सम्बन्धि व्यवस्था :**

(१) सम्झौता अनुसार घाटगद्दिको कार्य सम्पन्न भएपछि/ वा नसकिदै बिक्री वितरण गर्न आवश्यक परेमा व्यवसायीले नाप जाचको लागि गाउपालिकामा निवेदन दिनुपर्नेछ । गाउँपालिकाले गा.पा अध्यक्ष/उपाध्यक्ष वा वडाध्यक्षको रोहवरमा व्यवसायीबाट निवेदन परेको सात (७) दिन भित्र नाप जाँच गराई सक्नु पर्नेछ।

(२) नदीजन्य पदार्थ उत्खनन सङ्कलन गर्दा सम्झौता र यस निर्देशिकाको प्रतिकूल भए नभएको अनुगमन समितिको प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(३) जाँच सम्पन्न भएपछि प्राविधिक प्रतिवेदन अनुसार व्यवसायीले गाउँपालिकाबाट विक्री अनुमति लिई घाटगद्दीबाट नदीजन्य पदार्थ विक्री गर्न पाउने छ ।

(४) उत्खनन तथा घाटगद्दी र बिक्री कार्य बढीमा (४) चार चरणमा सम्पन्न गर्नु पर्नेछ ।

(५) तोकिएको क्षेत्र भन्दा अन्यत्रवाट नदीजन्य पदार्थ सङ्कलन उत्खनन् गरेको पाइए अनुगमन समितिले त्यस्तो परिमाणको मूल्याङ्कन गरी कारवाहीको लागि गाउँपालिकामा सिफारिस गर्नु पर्नेछ ।

(६) नदीजन्य पदार्थ निकाल्दा कार्ययोजनामा उल्लेख भए बाहेकको नदी खोलाको किनार, वनक्षेत्र वा अन्य क्षेत्रबाट उत्खनन् संकलन गरेको कारण सो स्थानलाई पूर्ववत् अवस्था कायम गर्नु परेमा अनुगमन समितिको सिफारिसमा सोको लागि लाग्ने खर्च सम्वन्धित व्यवसायीबाट असुल गरी पूर्ववत् अवस्थामा ल्याईनेछ ।

(७) यस कार्यविधिमा अन्यत्र जुनसुकै व्यहोरा लेखिएको भएता पनि राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजनाहरुका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ सम्बन्धित आयोजनाको

अनुरोधमा कार्ययोजनामा उल्लेखित क्षेत्रमा अनुगमन समितिले रेखांकन गरिदिएको स्थानबाट तोकिएको परिमाणमा मैडहवा गाउँपालिकाको आर्थिक ऐनले निर्धारण गरेको दररेटमा कानून बमोजिम लाग्ने कर समेत जोडी गाउँपालिकाले आयोजनालाई सङ्कलन अनुमति दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिमको अनुमति लिनुपूर्व सम्बन्धित आयोजनाको लागी माग भएको परिमाणको विवरण सहित गाउँपालिकाबाट माग भएको अन्य विवरण पेश गर्नुपर्नेछ।

(९) उपदफा (७) बमोजिम सङ्कलन हुने नदीजन्य पदार्थ गाउँपालिकाले तोकेको स्थानमा घाटगद्दी गर्नुपर्नेछ। घाटगद्दी प्रक्रिया यसै कार्यविधिको दफा ८ बमोजिम हुनेछ । घाटगद्दीबाट नदीजन्य पदार्थ उठाउँदा दफा १० बमोजिमको प्रक्रिया पूरा गरी लैजानु पर्नेछ । तर आयोजनामा निर्माणको लागी तत्काल आवश्यक देखिएमा घाटगद्दी नगरी सिधै आयोजना स्थलमा लगी प्रयोग गर्न पाईने छ ।

९. घाटगद्दि स्थलबाट ढुवानी तथा ओसार पसार सम्बन्धी व्यवस्था :

(१) नदीजन्य पदार्थको ओसार पसार गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) पानीले भिजेको र पानी चुहिने सामग्री बोकेका ढुवानीका साधन पक्की सडकमा गुडाउन पाइने छैन ।

(ख) ढुवानीका साधनले वहन गर्न पाउने तौल भन्दा बढी तौल लोड गरिएका ढुवानीका साधन सडकमा गुडाउन पाइने छैन ।

(ग) नदीजन्य पदार्थ ढुवानी गर्दा ढुवानी गर्ने साधनलाई माथिवाट वाक्लो त्रिपालले ढाकी ढुवानी गर्नु पर्नेछ ।

(घ) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा नदीजन्य पदार्थ लगायत कुनै पनि सामग्री सङ्कलन गर्न वा सञ्चय गरी राख्न पाइने छैन। नदीजन्य पदार्थ वोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न पाइने छैन ।

(ङ) बजार क्षेत्रमा नदीजन्य पदार्थ बोकेको सवारी साधन विहान आठ बजे देखि बेलुका छ बजेसम्म चलाउन पाइने छैन ।

(च) ढुवानी गर्दा सडकको मापदण्ड, भारवहन क्षमता हेरी शहरी क्षेत्रमा ढुवानी गर्ने साधनको तौलका सम्बन्धमा गाउँपालिकाले विशेष व्यवस्था गरी उच्च भार नियन्त्रण गर्न सक्नेछ ।

(छ) ढुवानी गर्दा अस्पताल, विद्यालय, अन्य शैक्षिक संस्था भएको तथा वस्तीहरूमा द्रुत गतिमा ढुवानीका साधन चलाउन, प्रेसर हर्न बजाउन र फोहर गर्न पाइने छैन ।

(२) अन्तर स्थानीय तह वा अन्तर प्रदेशमा नदीजन्य पदार्थ ओसारपसार र ढुवानी गर्दा कसैले अवरोध वा कुनै किसिमको डाट राखी थप कर, शुल्क वा दस्तुर लिन पाइने छैन ।

(३) ओसार पसार तथा ढुवानी सम्बन्धी अन्य व्यवस्था सम्झौता बमोजिम हुनेछ ।

१०. निषेधित कार्यहरु :

यस कार्यविधि वमोजिम देहायका कार्यहरु निषेध गरिएको छ ।

(क) प्रचलित कानून बमोजम बाहेक अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन्, संकलन, भण्डारण र प्रशोधनको कार्य गर्न वा उद्योग सञ्चालन गर्न ।

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नगरी नदीजन्य पदार्थ उत्खनन्, सकलन्, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्न

(ग) नदीजन्य पदार्थको उत्खनन्, सकंलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योगका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकनका शर्त उल्लंघन गर्न ।

(घ) नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालनका लागि तोकिएको मापदण्ड विपरित कार्य गर्न ।

(ङ) तोकिएको स्थान बाहेक अन्य स्थानमा उद्योग स्थानान्तरण र सञ्चालन गर्न

(च) स्वीकृत उद्देश्य विपरित काम गर्न ।

(छ) तोकिएको परिमाण भन्दा बढी उत्खनन् सङ्कलन र प्रशोधन गर्न ।

(ज) अनुमति नलिई वा अनुमति बर्खिलाफ गरि उद्योग सञ्चालन गर्न ।

(झ) पुरातात्विक, धार्मिक महत्वका र बहुमुल्य ढुङ्गा पत्थरको उत्खनन् सङ्कलन तथा विक्री वितरण गर्न र स्वरुप परिवर्तन हुनेगरी कुनै पनि क्रियाकलाप सञ्चालन गर्न ।

(ञ) कार्यविधि विपरित हुनेगरी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, ओसारपसार, विक्री वितरण गर्न तथा उद्योग सञ्चालन गर्न ।

(ट) नदी किनारमा निर्मित पूर्वाधारजन्य संरचनाका स्वरुप परिवर्तन हुने गरी स्वरुप विगार्न र हानी नोक्सानी हुने अन्य कुनै कार्य गर्न ।

(ठ) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले निषेध गरेका कार्यहरु गर्न ।

११. सजायको व्यवस्थाः

दफा ११ बमोजिमका निषेधित कार्य वा यो कार्यविधि वर्खिलाफ हुने कुनै कार्य गर्ने गराउने उपर प्रचलित कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ ।

परिच्छेद ४

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

अनुगमन मूल्याङ्कन

१३. अनुगमन तथा व्यवस्थापन समितिः

(१) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन्, भण्डारण, नापजाच र विक्री वितरण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन र नियमन, स्वीकृत मापदण्ड र कार्यविधिको पालना गाउपालिकाले प्रमुखको नेतृत्वमा देहायको अनुगमन समिति गठन गर्नेछ ।

| | | |
|---|---|---|
| क) | प्रमुख | - संयोजक |
| ख) | उपप्रमुख | -सदस्य |
| ग) | राजश्व शाखा प्रमुख | -सदस्य |
| घ) | प्राविधिक कर्मचारी | - सदस्य सचिव |

(२) अनुगमन तथा व्यवस्थापन समितिको कार्यविवरण कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ५
## विविध

१५. वातावरणीय पुनर्स्थापना

(१) उत्खनन क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भइसकेपछि हरियाली प्रवर्द्धन, तटबन्ध निर्माण, खोलाको बहाव नियन्त्रण गर्न पक्की बांध लगायतका भू-तथा जलाधार संरक्षण जस्ता पुनस्थापनाका कार्यहरु गर्न गाउँपालिकाले योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थको उत्खनन् र संकलन कार्यबाट वातावरण, गाऊँ वस्ती, कृषि भूमि, वनक्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अवस्थामा खोला नदी र आसपासका क्षेत्रको भू-बनौट, प्राकृतिक सुन्दरता" वन जङ्गल, जलाधार र कृषि प्रणालीलाई जीवन्त राख्न गाउँपालिकाले सो कार्यमा तत्काल रोक लगाई संरक्षण र पुनरुत्थानका कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

१६. मजदुरको सुरक्षाः
नदीजन्य पदार्थको उत्खनन्, संकलन, विक्री वितरण कार्यमा काम गर्ने मजदुरको बीमा, स्वास्थ्य, सुरक्षा तालिम र सुरक्षा सामग्री सम्बन्धी व्यवस्था सम्बन्धित व्यवसायीले गर्नु पर्नेछ

१७. थपघट तथा हेरफेरः
यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले थपघट, हेरफेर वा सशोधन गर्न सक्नेछ ।

१८. बाधा अड्काउ, फुकाऊः

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा कार्यपालिकाले बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

**१९. खारेजी र बचाऊ :**

(१) यो कायविधि लागू हुनु पहिले नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, विक्री वितरण सम्बन्धमा भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

(२) यो कार्यविधिले गरेको व्यवस्था प्रचलित कानूनसँग बाझिएमा वाझिएको हदसम्म स्वतः अमान्य र बदर हुनेछ ।

**नदिजन्य पदार्थको उत्खनन् एवं आय बन्दोबस्तीका चरणहरु**

**चरण १ प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने**

(क) पहिलो पटक उत्खनन् गर्नु परेमा वा प्रतिवेदनको म्याद नाघिसकेको भए

- उत्खनन् गर्न सकिने क्षेत्रको नाप नक्सा
- उत्खनन् हुन सक्ने परिमाण मापन
- उत्खननका शर्तहरु
- गर्न हुने र नहुने कार्यहरु
- क्षति न्युनिकरणका उपायहरु सहितको प्रतिवेदन तयार पारि स्वीकृत गराउने ।

(ख) प्रतिवेदनको म्याद ननाघेको भए

- उत्खनन् गर्न सकिने क्षेत्रको नाप नक्सा
- उत्खनन् हुन सक्ने परिमाण मापन
- आवश्यक अन्य कुराहरु

**चरण २ बोलपत्रको तयारी**

- प्रतिवेदनले मापन गरेको परिमाणलाई र आर्थिक ऐनले तोकेको दरले गुणन गरि न्युनतम अक कायम गरि तयार गर्ने
- उत्खनन् कार्य र विक्रि वितरण कार्यको लागि अलग अलग शर्त कायम गरि बोलपत्रको सूचना तयार पार्ने
- बोलपत्रका सूचना प्रकाशन, मुल्यांकन, आशयको सूचना र बोलपत्र स्वीकृति

**चरण ३ ठेक्का सम्झौता**

- ठेकेदारलाई कबुलियतनामा गराई ठेक्का सम्झौता गर्ने
- पहिलो चरणमा उत्खनन् गर्न र उत्खननबाट निकालिएको पदार्थलाई तोकिएको स्थानमा घाटगद्दि गर्ने कार्यको लागि कायर्यादेश दिने
- ।एकै पटकमा परिमाण उत्खनन हुन नसके क्रमशः सोही प्रक्रिया अपनाउनु पर्नेछ ।

विविध :

- नदि उत्खनन् गर्ने कार्यमा गाउपालिकाको अनुमति वेगर कुनैपनि भारि यन्त्र प्रयोग गर्न पाईनेछैन ।
- प्राविधिक समितिको सिफारिसमा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले तोकेको मापदण्ड अनुरुप मात्र भारियन्त्र प्रयोग गर्न अनुमति दिईनेछ ।
- उत्खनन् गर्ने परिमाण र अवधिको आधारमा भारि यन्त्रको संख्या तय गरिनेछ ।

प्रमाणिकरण मितिः २०८०/११/२२

आज्ञाले
कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत